# दरभाउपत्र सम्बन्धी कागजात

पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालय खाँदबारी सङ्खुवासभा स्था-२०७३

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## नदिजन्य पदार्थबाट आन्तरिक आय तर्फ

## सिलबन्दी दरभाउपत्र (SQ)

ठेक्का नं.:- **PMW/SQ/02/082/83**

## पाँचखपन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, सङ्खुवासभा

रामकृष्ण पाण्डे
योजना शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)

# ठेक्का सम्बन्धी शर्तहरु

१. उल्लेखित ठेक्काहरुको लागि सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२. ठेक्का अवधि आर्थिक वर्ष २०८२/०८३ को जेष्ठ मसान्त सम्म रहनेछ । बन्द हड्ताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दाबी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ र संकलन गरि राखिएको सामाग्री असार मसान्त सम्म विक्रि गरि सक्नु पर्नेछ ।

२. नगर कार्यपालिकाको मिति २०८२/०९/०१ को निर्णयानुसार कम्पनीले BOQ मा उल्लिखित एकमुष्ट वा प्याकेज अनुसार सिलबन्दी दरभाउपत्र पेश गर्न सकिने छ । इच्छुक योग्य फर्म /कम्पनीले मिति २०८२.१२ गते १८/०९/२०८२ गते कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी मिति १७/०९/०० बजे भित्र यस कार्यालयमा एकमुष्ट वा प्याकेज अनुसार सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ ।

३. २.५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम एकमुष्ट वा प्याकेज अनुसार हिसाव गरी यस कार्यालयमा नगदै रसिद मार्फत वा यस कार्यालयको नबिल बैक लि. वानामा रहेको धरौटि खाता नं. २१३०१०१७५०००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ (पचहत्तर) दिन सम्म म्याद भएको बैंक जमानत बिड बण्डको सक्कल प्रति सिलबन्दी दरभाउपत्रसाथ सलंग्न गरी पेश गर्नुपर्नेछ । धरौटि बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र फाराम नियमानुसारको राजस्व रकम तिरी पाँचखपन नगर कार्यपालिकाको कार्यालय, वाना सङखुवासभा बाट खरिद गरी पेश गर्न सकिनेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको सिलबन्दी दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

७. ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र खरिद गरी १६ औं दिनको १२ बजे भित्र पेश गरिसक्नु पर्ने र प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २ वजे पाँचखपन नगरकार्यपालीकाको कार्यालयमा खोलिनेछ ।

८. सिलबन्दी दरभाउपत्रहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

रामकृष्ण पाण्डे
शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

९. कुल सिलबन्दी दरभाउपत्र अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मू.अ. कर र अग्रिम आयकर रकम सहितको ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत परफरमेन्स वण्ड पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिईनेछ ।

१०. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ भित्र | सिलबन्दी दरभाउपत्र अंकको प्रतिशतले हुन आउने रकम । |
| दोस्रो | २०८३ साल जेष्ठ मसान्त भित्र | सिलबन्दी दरभाउपत्र अंकको प्रतिशतले हुन आउने रकम । |

११. जमानत बापत सिलबन्दी दरभाउपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । किस्ता रकम तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सझौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१३. प्रचलित ऐन, नियम, कानुन, समझौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१४. पाँचखपन नगरपालीका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, बालुवा, उत्खनन् गर्ने क्रममा नगरपालीकाको सभाखोलाको पक्की पूल र झोलुगे पुलको तल ५०० मिटर र माथी ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् तथा निकासी गर्न पूर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा क्ष्भ् प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१५. यस कार्यालयमा पेश हुन आएका सिलबन्दी दरभाउपत्र, सिलबन्दी दरभाउपत्रदाता,वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि तोकिएको समयमा उपस्थित नभएपनि कार्यलयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१६. सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनीको दर्ता नवीकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर, मु.अ. कर प्रमाणपत्रको प्रतिलिपि र आ.व २०८१/०८२ को कर चुक्ता प्रमाणको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ साथै माथि उल्लेखित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

रामकृष्ण पाण्डे
लेखा शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)

१७. ढुंगा, गिट्टी, वालुवा रोडा आदीको संकलन, उत्खनन, क्रसर सञ्चालन तथा निकासीको सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, पाँचखपन नगरपालीकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्ने छ।

१८. संकलन तथा उत्खनन दर प्रस्ताव गर्दा रकम बढाबढमा न्यूनतम अंक भन्दा माथिका अधिकतम अंक कबोल गर्ने फर्मलाई छनौट गरिनेछ ।

१९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ । उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून, तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा पाँचखपन नगरकार्यपालीकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

सुचनामा लेखिए बाहेकका अन्य शर्तहरु देहाय बमोजिम हुनेछन्ः—

१. बोलपत्र खरिद गर्ने व्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र संस्था, कम्पनी, फर्मको हकमा २०८३ साल अषाढ मसान्त सम्मको लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर, मुल्य अभिवृद्धिकर र आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सहित निवेदन दिई रु १०००।—बुझाई यो सूचना प्रकाशित भएको १५ औ दिन को कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२.एउटा ठेक्काको लागि एक व्यक्ति फर्म, कम्पनी संस्थाको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को व्यक्ति फर्म, कम्पनी वा संस्थाको नाममा दाखिला गर्न पाईने छैन ।

३.सिलबन्दी साथ धरौटि वापत आफूले कबोल गरेको अंकको नेपाली नागरिक भए २.५ प्रतिशत ले हुने रकम कार्यालयको नबिल बैक लि. वानामा रहेको धरौटि खाता नं. २१३०१०१७५०००३०जम्मा गरेको सक्कलै भौचर वा कार्यालयको नाममा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकले कम्तीमा ६ महिनाको लागि जारी भएको विड-वण्ड संलग्न हुनु पर्नेछ ।

४.सिलबन्दी दरभाउपत्र स्वीकृत भै सम्झौता नभए सम्म अन्य सिलबन्दी दरभाउपत्र दाताहरुले जम्मा गरेको धरौटी रकम फिर्ता गरिने छैन ।

५.सिलबन्दी दरभाउपत्र फारम भर्दा आफुले कबोल गरेको अंक र अक्षर दुवै प्रष्ट गरि भर्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६.पर्न आएका दरभाउपत्रहरु कार्यालय कर्मचारीहरु र ठेकेदार प्रतिनिधिहरुको रोहरवरमा खोलिनेछ । ठेकेदार प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७.पेश हुन आएको सिलबन्दी दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने या नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

रामकृष्ण पाण्डे
योजना शाखा प्रमुख

विवेक रियार
इन्जिनियर (सातौं)

८.सिलबन्दी दरभाउपत्र स्वीकृत भई आशयपत्र प्राप्त गर्ने व्यक्ति/संघ/संस्था/फर्म, कम्पनीले आफूले कबोल गरेको अंकको १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर सम्बन्धित करदाता सेवा कार्यालयको राजश्व खातामा बुझाई सोको निस्सा सहित सम्झौता गर्न आउनुपर्नेछ ।

९.सम्झौता भई कायदिश लिनु अगावै सम्पुर्ण ठेक्का रकम एकमुष्ठ बुझाउनेको हकमा १० प्रतिशत रकम छुट दिन सकिनेछ ।

१०.ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेकको (बाँकि किस्ता) रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले कार्यलयको नाममा २०८३ आषाढ मसान्त सम्मका लागि जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरे पछि मात्र सम्झौता गरि स्थायी कार्यदिश दिइने छ । अस्थायी कार्यदिश दिइने छैन ।

११.ठेक्का सम्बन्धमा कुनै विवाद सृजना भएमा पाँचखपन नगरकार्यपालीकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२.ठेक्का स्वीकृत भएको जानकारी पाएपछि या सूचना घर ठेगानामा टाँस भएको मितिले ७ दिनभित्र ठेक्का सञ्चालनको सम्झौता गरी कायदिश लिई सक्नु पर्नेछ ।

१३.ठेक्का स्वीकृत भएपछि तोकिएको म्यादभित्र कार्यदिश नलिएमा धरौटि रकम नियमानुसार जफत गरि कानून बमोजिम हुनेछ ।

१४.म्याद नाघि, रित नपुगी र शर्त राखि पेश भएका दरभाउपत्रहरु प्हिलो चरणमै अस्वीकृत हुनेछ । यस सूचनामा उल्लेख नभएका विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५.बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा विदा लगत्तै कार्यालय खुलेको दिन उक्त कामहरु हुनेछ ।

अन्य जानकारीको लागि यस कार्यालयको योजना शाखा र सुचना शाखामा सम्पर्क गर्न सक्नुहुनेछ ।

रामकृष्ण पाण्डे
योजना शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)

खआर्थिक वर्ष २०८२/०८३ को लागि पाँचखपन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय वाना सङ्‌खुवासभामा पेश गर्ने सिलबन्दी दरभाउपत्रको ढाँचा

...राम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

विषयः सिलबन्दी दरभाउपत्र पेश गरेको बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाँचखपन नगरकार्यपालिकाको कार्यालय,
वाना, सङ्खुवासभा ।

आर्थिक वर्ष २०८२/०८३ को लागि यस पाँचखपन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सभा खोला वगर क्षेत्रको IEE रिपोर्ट प्रतिवेदनले निषेधित गरेका स्थानहरु वाहेकका क्षेत्र बाट ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल विक्री वितरण गर्ने ठेक्का बन्दोवस्त गर्न मिति ................................मा प्रकाशित भएको सूचना अनुसार ठेक्का सञ्चालनको लागि रु.........................(अक्षरुपी रु.......................................................................) कवोल गरि धरौटी रकम रु ........................—(अक्षरुपी रु ........................................) कार्यलयको नबिल बैक लि. वानामा रहेको धरौटि खाता नं. २१३०१०१७५०००३० मा जम्मा गरेको भौचर, विड वण्ड र देहायको कागजात सहित यो सिलबन्दी दरभाउपत्र पेश गरेको छु ।

संलग्न कागजातहरु

१ ः—..............................................
२ ः—................
३ ः— ........................................
दरभाउपत्र दाताको नाम थरः—............
ठेगाना ः—..
दस्तखत ः—
मिति ः—...
सम्पर्क फोन नं ः—
मोबाइल नं. ः—

रामकृष्ण पाण्डे
योजना शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)

# Bill of Quantity (BOQ)

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

| क.सं. | क्षेत्र | ठेगाना | चालु आ.व.को जेठ मसान्त सम्ममा उत्खनन् गर्न सकिने परिमाण (घ.मि.) | | न्यूनतम अंकको २.५% ले हुन आउने रकम रु. | कबोल अंक | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | ग्राभेल/गिटी | बालुवा | | अंकमा | अक्षरमा | |
| 1 | हेवाखोला 1 | पाँचखपन-8, त्रिवेणी | 76.65 | 51.10 | 676.72 | | | |
| 2 | हेवाखोला 2 | पाँचखपन-8, सुनखानी | 74.81 | 112.21 | 990.67 | | | |
| 3 | हेवाखोला र सभाखोला दोभान | पाँचखपन-4 दोभानटार | 169.89 | 679.57 | 4499.78 | | | |
| 4 | सभा खोला 1 | पाँचखपन-4, च्याङ्ग्रेटार | 0.00 | 374.85 | 1985.66 | | | |
| 5 | सभा खोला 2 | पाँचखपन-4, पिप्लेटार पुछर | 159.48 | 372.13 | 2816.08 | | | |
| 6 | सभा खोला 3 | पाँचखपन-4, पिप्लेटार भन्ज्याङ मुनि | 97.27 | 389.09 | 2576.35 | | | |
| 7 | सभा खोला 4 | पाँचखपन-4, हेवा खाक्से दोभान | 113.18 | 264.08 | 1998.39 | | | |
| 8 | सभा खोला 5 | पाँचखपन-4, कोइरे | 286.36 | 286.36 | 3033.86 | | | |
| 9 | सभा खोला 6 | पाँचखपन-4, हेवा चिल्लारे | 195.39 | 195.39 | 2070.08 | | | |
| 10 | सभा खोला 7 | पाँचखपन-4, गणटे | 121.15 | 121.15 | 1283.48 | | | |
| 11 | सभा खोला 8 | पाँचखपन-4, लामी दुवाली | 205.24 | 205.24 | 2174.40 | | | |
| 12 | कटारेबेसी बगर दोभान | पाँचखपन-1 र 2 | 129.28 | 129.28 | 1369.66 | | | |

योजना शाखा प्रमुख

विवेक
इन्जिनियर (सातौं)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 13 | कटारेबेसी बगर माथिल्लो भाग | पाँचखपन-2 | 85.23 | 56.82 | 752.48 | | | |
| 14 | कटारेबेसी बगर तल्लो भाग | पाँचखपन-2 | 150.72 | 150.72 | 1596.78 | | | |
| 15 | रिठ्ठे बगर | पाँचखपन-2 | 0.00 | 91.43 | 484.32 | | | |
| 16 | माक्सुवा बगर | पाँचखपन-3 | 365.41 | 156.60 | 2765.21 | | | |
| 17 | खमारे बगर | पाँचखपन-5 | 627.86 | 69.76 | 3695.43 | | | |
| 18 | खेकुवा दोभान बगर | पाँचखपन-3 र 4 | 224.55 | 96.24 | 1699.27 | | | |
| 19 | माझि जंगल बगर 1 | पाँचखपन-4 | 292.99 | 73.24 | 1939.99 | | | |
| 20 | माझि जंगल बगर 2 | पाँचखपन-4 | 146.06 | 438.17 | 3094.74 | | | |
| 21 | माझि जंगल बगर 3 | पाँचखपन-4 | 9.15 | 173.83 | 969.28 | | | |
| | | | | | भ्याट बाहेक रकम | | | |
| | | | | | १३% भ्याट रकम | | | |
| | | | | | जम्मा भ्याट सहित रकम | | | |

पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालय चाना संखुवासभा स्था-२०७३

मणिराम खतिवडी
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

रामकृष्ण पाण्डे
योजना शाखा प्रमुख

विवेक परियार
इन्जिनियर (सातौं)